फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

मिति २०७५ चैत्र १७ गते साँझ करिव ०७:४५ देखि ०८:१५ बजेसम्म बारा तथा पर्सा जिल्लामा अकस्मात आएको हावाहुरी र असिनापानीबाट ठुलो जनधनको क्षति भएको छ । गृह मन्त्रालयमा प्राप्त पछिल्लो जानकारी अनुसार सो घटनामा परि बारा जिल्लाका २६ जना र पर्सा जिल्लाका १ जना गरी जम्मा २७ जनाको दु:खद निधन भएको छ । जस मध्ये पुरुष १० जना, महिला ११ र ६ जना बालबालिका रहेका छन् । घटनामा परी मृत्यु भएका सबैको सनाखत भइसकेको छ ।

सो घटनामा ६६८ जना घाइते भएकोमा २८४ जना प्रारम्भिक उपचार पश्चात घर फर्केका छन् भने ३७५ जनाको पर्सा र बारा जिल्लाका विभिन्न अस्पतालहरुमा उपचार भईरहेको छ। गम्भीर घाइते ०९ जनालाई थप उपचारका लागि नेपाली सेनाको स्काइ ट्रक तथा MI17 हेलिकप्टरबाट उद्दार गरी काठमाण्डौ त्रि.वि. शिक्षण अस्पताल, महाराजगंजमा उपचार भइरहेको छ। उक्त घटनापछि सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिहरुको बैठक वसी तत्काल उद्धार र राहतका अत्यावश्यक व्यवस्था गर्नुका साथै घटनामा प्रभावित व्यक्ति, परिवार तथा सम्पति क्षतिको विवरण संकलन गर्ने कार्यलाई तीव्रता दिइएको छ ।

विपद्को घटना हुनासाथ स्थानीय स्तरमा सुरक्षाकर्मी, कर्मचारी, स्वास्थ्यकर्मी, स्वयंसेवकहरु, जनप्रतिनिधिहरु, मानवीय सहायताका क्षेत्रमा कार्य गर्ने रेडक्रस लगायतका संस्था र व्यक्तिहरुबाट खोज उद्धार तथा राहतका कार्यहरु भै रहेका छन् ।

घाइतेको नि:शुल्क उपचारको व्यवस्था मिलाइएको छ । चिकित्सकहरु सहितको स्वास्थ्यकर्मीको टोली स्थानीय स्तरमा परिचालित छन् भने नेपाली सेनाको मेडिकल टिम, नेपाल प्रहरीबाट २ वटा मेडिकल टोलीहरु खटिई सकेका छन् । स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रहरु क्रियाशिल भई आवश्यक स्वास्थ्य सुविधाको व्यवस्था मिलाइएको छ ।

क्रमशः

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पीडितहरुलाई खाद्यान्न लगायतका तत्कालीन अत्यावश्यक सामग्री स्थानीय स्तरवाट व्यवस्था भइरहेको छ । गृह मन्त्रालयको समन्वयमा काठमाण्डौबाट पठाइएको त्रिपाल र टेण्ट गरी ४६८ थान तथा सर्ट, पाइन्ट लत्ताकपडा ४१३८ थान, २ रोल कपडा सहित ३ ट्रक सामग्री बारा पुगेको छ। थप राहत सामग्री पठाउने क्रम जारी छ ।

घटनास्थलको स्थलगत अवलोकनका लागि सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू लगायत मा. उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री, मा. गृह मन्त्री, मा.भौतिक पूर्वाधार तथा यातायात मन्त्री, मा.शहरी विकास मन्त्री, गृह सचिव तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरुको टोली घटनास्थलमा पुगी क्षतिको प्रारम्भिक जानकारी लिनुका साथै तत्काल उद्धार र राहतको लागि थप निर्देशन दिनु भएको छ ।

अकस्मात आइपरेको यस्तो अकल्पनीय घटना र यसबाट भएको मानवीय एवं भौतिक क्षतिप्रति गृह मन्त्रालय गहिरो दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ । यस घटनामा परी घाइते भएका सवैको शिघ्र स्वास्थ्य लाभको कामना पनि गर्दछ । विपद्को यो संवेदनशील घडिमा आवश्यक प्रतिकार्यका लागि यस क्षेत्रमा क्रियाशिल सबै सरोकारवालाहरुबाट सहयोगको अपेक्षा गरिएको छ ।

मिति २०७५।१२।१८ गते

रामकृष्ण सुवेदी
सहसचिव/प्रवक्ता